# राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

सिंहदरबार, काठमाडौं।

## सम्पत्ति तथा जिन्सी मालसामानको लिलाम बिक्री सम्बन्धी बोलपत्र आह्वानको सूचना

**दोश्रो पटक प्रकाशित मितिः २०७९/११/१६**

यस राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा रहेका प्रयोगमा आउन नसक्ने भई लिलाम विक्री गर्ने निर्णय भएको सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम विक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ। यो सूचना दोश्रो पटक प्रकाशित भएको मितिले ११ दिनभित्र बोलपत्र खरिद गरी १२ औँ दिनमा दिनको ५:०० बजेसम्म यस कार्यालयमा दर्ता गराउनु हुन इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई आह्वान गरिन्छ। यस सम्बन्धमा विस्तृत व्यहोरा बोलपत्र फाराममा उल्लेख गरिएको छ। यस अतिरिक्त अन्य कुरा बुझ्नु परेमा वा सम्पत्ति तथा मालसामान हेर्न चाहेमा यस कार्यालयको जिन्सी शाखामा सम्पर्क राख्नु हुन अनुरोध छ। साथै अन्य सूचनाको लागि फोन नं. ०१-४२११४९० मा सम्पर्क गर्न र यस प्राधिकरणको Website: www.bipad.gov.np मा हेर्न सकिनेछ।

लिलाम विक्री हुने सम्पत्ति तथा जिन्सी मालसामानको VAT बाहेक न्यूनतम कायम मूल्य रु १८९१५९१/- (अक्षरेपी अठार लाख एकानब्बे हजार पाँच सय एकानब्बे रुपैयाँ) रहेको छ।

# राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

सिंहदरबार, काठमाडौं।

## सम्पत्ति तथा जिन्सी मालसामानको लिलाम बिक्रीको लागि बोलपत्र आव्हानको सूचना

दोश्रो पटक प्रकाशित मितिः २०७९/११/१६

यस राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा मौज्दातमा रहेका लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छ सोही अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले देहायका शर्तहरूको अधीनमा रही बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१. इच्छुक बोलपत्रदाताहरूले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको जिन्सी शाखाबाट आवश्यक जानकारी हासिल गर्ने वा बोलपत्र सम्बन्धी कागजात हेर्न तथा खरिद गर्न सक्नेछन्।

२. इच्छुक बोलपत्रदाताले २०७९/११/२६ गतेसम्म कार्यालय समयभित्र फिर्ता नहुने गरी रु २०००।– (दुई हजार रुपैयाँ) रकम राष्ट्रिय वाणिज्य बैङ्क सिंहदरबार स्थित यस प्राधिकरणको राजस्व खाता नं. १०००१००२०००१००००, कार्यालय कोड नं. ३१४००३५०२, राजस्व शीर्षक नं. १४२१२ मा बुझाई सक्कल राजस्व दाखिला भौचरसहित, बोलपत्रदाताको फर्मदर्ता प्रमाणपत्र वा इच्छुक व्यक्ति भएमा नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न राखी बोलपत्र फाराम खरिदको लागि निवेदन पेश गर्नुपर्नेछ।

३. बोलपत्र दोश्रो पटक प्रकाशित भएको मितिले १२ औं दिनको ५:०० बजेभित्र यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ।

४. कार्यालयमा दर्ता भएका बोलपत्रहरू १३ औं दिनको १२:०० बजे उपस्थित भएका बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा यस कार्यालयमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन।

५. लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी मालसामान हेर्न चाहने बोलपत्रदाताले कार्यालय समयभित्र जिन्सी शाखामा सम्पर्क राख्नु पर्नेछ।

६. बोलपत्रदाताले बोलपत्र साथ जमानत बापत आफूले कबोल गरेको दररेट अनुसारले हुन आउने कुल रकमको दश प्रतिशत रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैङ्क सिंहदरबार शाखामा रहेको धरौटी खाता नं. १९६०१००१०२०३००० मा जम्मा गरी सोको सक्कल बैङ्क भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा नब्बे दिन म्याद भएको बैङ्क जमानत (बिड बण्ड) पेश गर्नु पर्नेछ।

७. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन मानिनेछ।